प्रति शेयर रु. १००/- अंकित दरका ३००,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र बाग्लुङ्ग जिल्ला ताराखोला गाउँपालिका र गल्कोट नगरपालिकामा स्थायी बसोबास गर्ने बासिन्दाहरुको लागि निष्काशन गरिएको

दरखास्त दिनुपर्ने न्युनतम कित्ता :	१० कित्ता
दरखास्त दिन पाउने अधिकतम कित्ता :	३०,००० कित्ता

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु. १००/- प्रति शेयरको दरले

क्रेडिट रेटिङ्ग सम्वन्धी विवरण

यस कम्पनीलाई केयर रेटिङ्ग नेपाल लिमिटेडले “CARE-NP BB (Is) [Double B (Issuer)]" रेटिङ्ग सन् २०२२ फेब्रुअरी १६ (मिति २०७८/११/०४) मा प्रदान गरेको छ। उक्त “CARE-NP BB (Is) [Double B (Issuer)]" ले "Moderate Risk of Default Regarding Timely Servicing of Financial Obligations" जनाउँदछ। केयर रेटिङ्ग नेपाल लिमिटेडले "CARE-NP AAA (Is)" देखि "CARE-NP D (Is)" सम्मको रेटिङ्ग प्रदान गर्दछ। जसमा "CARE-NP AAA (Is)" ले सकारात्मक/बलियो आधार जनाउँछ भने "CARE-NP D (Is)" ले नकारात्मक/कमजोर आधारहरू जनाउँछ।

सयपत्री हाइड्रोपावर लिमिटेड
Sayapatri Hydropower Limited

रजिष्टर्ड कार्यालयः काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ०७, चावहिल, काठमाण्डौ, नेपाल
फोन नं. ०१-४४६४५०८, ०१-४४६४५०९, ईमेलः sayapatrihydropowerlimited@gmail.com,
वेभसाईटः www.sayapatrihydropower.com

आह्वान-पत्र

यो विवरण-पत्र नभई केवल आव्हान-पत्र मात्र हो ।

कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित प्रतिफल

विवरण	वास्तविक			अपरिष्कृत	प्रक्षेपित		
	आ.व. २०७५/०७६	आ.व. २०७६/०७७	आ.व. २०७७/०७८	आ.व. २०७८/०७९ चैत्र मसान्त	आ.व. २०७८/०७९	आ.व. २०७९/०८०	आ.व. २०८०/०८१
प्रति शेयर नेटवर्थ (रु.)	६२.९१	६०.१२	६४.९६	७५.८१	९२.०२	१०४.५७	११७.७४
प्रति शेयर आम्दानी (रु.)	(१२.३४)	(२.७९)	४.८४	१०.८५	१६.५४	१२.५५	१३.१७
संचित नाफा/नोक्सान रु. हजारमा	(७७,८९४)	(८३,७४९)	(७३,५७९)	(५०,७९७)	(२३,९५२)	१३,७०२	५३,२१०

साधारण शेयरको बिक्री खुल्ला अवधि

निष्काशन खुल्ला मिति : २०७९/०३/०२ गते
निष्काशन बन्द हुने मिति (छिटोमा) : २०७९/०३/१६ गते (बैंकिङ्ग समय पश्चात्)
निष्काशन बन्द हुने मिति (ढिलोमा) : २०७९/०३/३१ गते (बैंकिङ्ग समय पश्चात्)

प्रति मेगावाट लागत सम्बन्धी विवरण

संगठित संस्थाको प्रति मेगावाट लागत (IDC सहित) रु. २१३,८०३,२९१.६०/- (अक्षेरेपी एक्काइस करोड अठतीस लाख तीन हजार दुई सय एकानब्बे रुपैयाँ र साठी पैसा) रहेको छ।

विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्वन्धि विवरण

विद्युत उत्पादन अनुमतिपत्र बहाल रहने अवधि मिति २०७०/०२/०२ देखि मिति २१०५/०२/०१ सम्म रहेकोले अब जम्मा २६ (छब्बिस) वर्ष मात्र बाँकी रहेको छ।

लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरण

लगानी फिर्ता हुने अवधि (Pay Back Period) ७ वर्ष ३ महिना र डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) १२ वर्ष ४ महिना रहेको छ।

जलविद्युत आयोजनाको कुल लागत विवरण

जलविद्युत आयोजनाको कुल लागत (IDC सहित) रु. ५३४,५०८,२२९/- रहेको छ।

नेपाल धितोपत्र बोर्डबाट विवरण पुस्तिका स्वीकृत मिति : २०७९/०२/१८ तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मितिः २०७९/०२/१९

१. कम्पनीको नामः
सयपत्री हाइड्रोपावर लिमिटेड (Sayapatri Hydropower Limited)

२. कुन ऐन अन्तर्गत स्थापित भएका सो कुराः
कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित।

३. संस्थाको रजिष्ट्रर्ड ठेगानाः
यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ०७, चावहिल, काठमाण्डौमा रहेको छ।

४. कारोवार गर्ने मुख्य स्थानः

यस कम्पनीको कारोवार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ०७, चाबहिल, काठमाण्डौ र आयोजना स्थल (जलविद्युत केन्द्र) बाम्लुङ्ग जिल्ला, ताराखोला गाउँपालिका वडा नं. २ र वडा नं. ३ मा अवस्थित रहेको छ।

५. कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरुः

कम्पनीको स्थापनाकाल देखि हालसम्मको सँक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :

१) नेपालमा रहेको अपार जलश्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहिचान गरी संभाव्यता अध्ययन, निर्माण र संचालन गर्ने हेतुले सयपत्री हाइड्रोपावर प्राइभेट लिमिटेड मिति २०६४/०४/१४ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई मिति २०७३/१२/०८ गते कम्पनी रजिष्ट्रारको कार्यालयको निर्णय अनुसार प्राइभेट लिमिटेडबाट परिणत भई पब्लिक लिमिटेडको रुपमा सयपत्री हाइड्रोपावर लिमिटेडको रुपमा दर्ता अभिलेख भई कारोबार सञ्चालन गर्दै आएको कम्पनी हो।

२) कम्पनीमा हाल ५० जना संस्थापक शेयरधनी रहेका छन्। कम्पनीको प्रवन्धपत्र तथा नियमावली अनुसार जारी पूँजीको ७० प्रतिशत संस्थापक शेयर, १० प्रतिशत आयोजना प्रभावित क्षेत्रका बासिन्दा र २० प्रतिशत सर्वसाधारण शेयरधनीहरुको लागि छुट्टाई बाँडफाँड गर्ने व्यवस्था रहेको छ।

३) संगठित संस्थाले अन्य हाईड्रोपावर आयोजनाहरु सञ्चालनको लागि अध्ययन तथा निर्माण गर्ने उद्देश्य राखि अध्ययन गरिरहेको छ।

४) विद्युत विकास विभाग, उर्जा मन्त्रालयले दरम खोला 'ए' जलविद्युत आयोजना (२.५ मे.वा.) बाट विद्युत उत्पादनको लागि विद्युत उत्पादन अनुमतिपत्र मिति २०७०/०२/०२ मा संगठित संस्थालाई प्रदान गरिएको छ। विद्युत उत्पादन अनुमतिपत्र बहाल रहने अवधि मिति २०७०/०२/०२ देखि मिति २१०५/०२/०१ सम्म रहेको छ।

५) संगठित संस्थाको दरम खोला 'ए' जलविद्युत आयोजना (२.५ मे.वा.) बाट उत्पादन हुने विद्युत खरीद विक्रीको लागि नेपाल विद्युत प्राधिकरणसँग मिति २०६८/१२/१९ मा सम्झौता भएको। उक्त सम्झौताको समयावधी व्यापारिक उत्पादन शुरु हुने मितिले ३० वर्ष वा विद्युत उत्पादन अनुमतिपत्रको अवधि मध्ये जुन घटी छ सो समयसम्म कायम रहनेछ।

६) संगठित संस्थाको दरम खोला 'ए' जलविद्युत आयोजना (२.५ मे.वा.) को सँक्षिप्त प्राविधिक विवरणहरु निम्नानुसार रहेको छ :
- क. विद्युत परियोजनाको नाम : दरम खोला 'ए' जलविद्युत आयोजना।
- ख. आयोजना स्थलः बाम्लुङ्ग जिल्ला, गल्कोट हटिया वजारबाट ९ कि.मि. को दुरीमा अवस्थित छ। आयोजनाको सम्पूर्ण संरचना बाम्लुङ्ग जिल्ला, साविक अर्गल गा.वि.स. वडा नं. ७ हाल परिवर्तित ताराखोला गाउँपालिका वडा नं. २ र साविक हिल गा.वि.स. वडा नं. २, वडा नं. ३, वडा नं. ६ हाल परिवर्तित ताराखोला गाउँपालिका वडा नं. ३ मा पर्दछ।
- ग. श्रोत नदी : दरम खोलाको पानी। घ. आयोजनाको किसिम : रन अफ रिभर। ङ. जडित क्षमता : २.५ मेगावाट

७) यस कम्पनीले बाम्लुङ्ग जिल्ला, ताराखोला गाउँपालिका वडा न. २ र वडा नं. ३ स्थित दरम खोला 'ए' जलविद्युत आयोजना (२.५ मे.वा.) सफलतापूर्वक निर्माण सम्पन्न गरी मिति २०७३/०३/१२ गतेबाट व्यापारिक उत्पादन शुरु गरी नियमित रुपमा नेपाल विद्युत प्राधिकरणलाई विद्युत बिक्री गर्दै आइरहेको छ।

८) आयोजनाको कुल लागत, प्रति मेगावाट लागत, लगानी फिर्ता हुने अवधि निम्न बमोजिम रहेको छ :
- क. आयोजनाको कुल लागत (IDC सहित) : रु. ५३४,५०८,२२९/- (मिति २०७६/०७७ सम्मको सम्पत्तिहरुको ह्रासकट्टी गरि सकेपछिको रकम लाई कूल लागतमा देखाईएको छ।)
- ख. आयोजनाको प्रति मेगावाट लागत (IDC सहित) रु. २१३,८०३,२९१.६०/- ग. लगानी फिर्ता हुने अवधिः ७ वर्ष ३ महिना
- घ. डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि (Pay Back Period): १२ वर्ष ४ महिना

नेट प्रिजेन्ट भ्यालु {Net Present Value (NPV)}, इन्टरनल रेट अफ रिर्टन {Internal Rate of Return (IRR)}, Pay Back Period, Discounted Pay Back Period, गणना को संक्षिप्त विवरण :

वर्ष	आयोजनाको कुल लागत	कर पछिको खुद नाफा	ह्रास कट्टी र अमोरटाइजेशन (Depreciation and Amortization)	वित्तीय खर्च	खुद नगद प्रवाह	आयोजनाको नगद प्रवाह	सिम्पल संचित नगद प्रवाह (Simple Cumulative Cashflow)	डिस्काउन्टिङ्ग फ्याक्टर	डिस्काउन्टेड नगद प्रवाह	डिस्काउन्टिङ्ग संचित नगद प्रवाह
०	(५३४,५०८,२२९)				(३००,०००,०००)	(५३४,५०८,२२९)	(५३४,५०८,२२९)	१००००	(५३४,५०८,२२९)	(५३४,५०८,२२९)
आ.व. २०७७/०७८		१०,१७०,१६८	१७,३५३,३९६	२६,९६४,४०७	५४,४८७,९७२	५४,४८७,९७२	(४८०,०२०,२५७)	०९१७४	४९,९८८,९६५	(४८४,५१९,२६४)
आ.व. २०७८/०७९		४९,६२७,४५०	१७,६९३,९४०	२३,९१०,६३०	९१,२३२,०२९	९१,२३२,०२९	(३८८,७८८,२२८)	०८४१७	७६,७८८,१७४	(४०७,७३१,०९०)
आ.व. २०७९/०८०		३७,६५४,२५१	१७,६७९,०८९	१९,३९३,६०५	७४,७२६,९४४	७४,७२६,९४४	(३१४,०६१,२८३)	०७७२२	५७,७०२,९१२	(३५०,०२८,१७८)
आ.व. २०८०/०८१		३९,४०७,६६३	१७,६४१,७४१	१७,१९६,०८८	७४,२४५,४९२	७४,२४५,४९२	(२३९,८१५,७९२)	०७०८४	५२,५६८,२२१	(२९७,४५९,९५८)
आ.व. २०८१/०८२		४१,३७७,८६२	१७,६९५,३१७	१५,००९,९३०	७४,०८३,१०९	७४,०८३,१०९	(१६५,६३२,६८२)	०६४९९	४८,१४८,९३८	(२४९,३११,०२०)
आ.व. २०८२/०८३		४३,४९८,१५३	१७,६८८,३३०	१३,३०३,२६८	७४,४८९,७५१	७४,४८९,७५१	(९१,१४२,९३१)	०५९६३	४४,४१५,८०५	(२०४,८९५,२१५)
आ.व. २०८३/०८४		४४,०८७,००६	१७,३६४,९६७	११,५३२,२९३	७२,९८४,२६७	७२,९८४,२६७	(१८,१५८,६६५)	०५४७०	३९,९२४,८९३	(१६४,८७०,३२२)
आ.व. २०८४/०८५		४३,८२६,१६८	१७,३३७,४६८	९,७७६,९९३	७०,९४०,६२९	७०,९४०,६२९	५२,७८१,९६४	०५०१९	३५,६०२,७१०	(१२९,२६७,६१२)
आ.व. २०८५/०८६		५०,६९७,९७०	१७,४१५,१४३	८,०८३,०४३	७६,१९६,१५६	७६,१९६,१५६	१२८,९७८,१२०	०४६०४	३५,०८२,८२७	(९४,१८४,७८५)
आ.व. २०८६/०८७		५२,१९१,७३६	१७,२८६,००५	६,५३७,३३०	७६,०१५,०७१	७६,०१५,०७१	२०४,९९३,१९१	०४२२४	३२,१०९,५८७	(६२,०७५,१९८)
आ.व. २०८७/०८८		५४,६९३,९९०	१७,२६७,१४४	४,४०३,५८०	७६,३६४,७१४	७६,३६४,७१४	२८१,३५७,९०५	०३८७५	२९,५९३,८३५	(३२,४८१,३६३)
आ.व. २०८८/०८९		५०,७१४,०६३	१८,५५५,०७६	२,१९८,०५५	७१,४६७,१३४	७१,४६७,१३४	३५२,८२५,०३९	०३५५५	२५,४०९,०४८	(७,०७२,३१५)
आ.व. २०८९/०९०		५१,१६०,२२०	१८,५५५,०७६	७२१,२५३	७०,४३६,४८९	७०,४३६,४८९	४२३,२६१,५२७	०३२६२	२२,९७४,८७९	१५,९०२,५६४
आ.व. २०९०/०९१		५१,४०७,७६०	१८,४३६,९७८	–	६९,८४४,७३८	६९,८४४,७३८	४९३,१०६,२६५	०२९९२	२०,९००,७९१	३६,८०३,३५५
आ.व. २०९१/०९२		५२,०९०,९६०	१८,०७१,०६१	–	७०,१६२,०२१	७०,१६२,०२१	५६३,२६८,२८६	०२७४५	१९,२६२,१४४	५६,०६५,४९८
आ.व. २०९२/०९३		५२,५५१,५२०	१८,०७१,०६१	–	७०,६२२,५८२	७०,६२२,५८२	६३३,८९०,८६८	०२५१९	१७,७८७,६९३	७३,८५३,१९१
आ.व. २०९३/०९४		५३,०६०,८४२	१८,०७१,०६१	–	७१,१३१,९०३	७१,१३१,९०३	७०५,०२२,७७१	०२३११	१६,४३६,६७५	९०,२८९,८६६
आ.व. २०९४/०९५		५३,६८८,२९०	१८,०७१,०६१	–	७१,७५९,३५२	७१,७५९,३५२	७७६,७८२,१२३	०२१२०	१५,२१२,५३३	१०५,५०२,४००
आ.व. २०९५/०९६		५४,४१४,५०८	१८,०७१,०६१	–	७२,४८५,५७०	७२,४८५,५७०	८४९,२६७,६९३	०१९४५	१४,०९७,६९४	११९,६००,०९४
आ.व. २०९६/०९७		५५,१८८,७०५	१८,१४९,१८६	–	७३,३३७,८९१	७३,३३७,८९१	९२२,६०५,५८४	०१७८४	१३,०८५,७४५	१३२,६८५,८३९
आ.व. २०९७/०९८		५६,१४८,८५४	१८,१४९,१८६	–	७४,२९८,०४०	७४,२९८,०४०	९९६,९०३,६२४	०१६३७	१२,१६२,४४५	१४४,८४८,२८५
आ.व. २०९८/०९९		५७,२१३,९१३	१८,१४९,१८६	–	७५,३६३,०९९	७५,३६३,०९९	१,०७२,२६६,७२३	०१५०२	११,३१८,१५९	१५६,१६६,४४४
आ.व. २०९९/१००		६१,६६५,६१८	१८,१४९,१८६	–	७९,८१४,८०४	७९,८१४,८०४	१,१५२,०८१,५२७	०१३७८	१०,९९६,९९४	१६७,१६३,४३८
आ.व. २१००/१०१		६३,४०८,६६७	१८,१४९,१८६	–	८१,५५७,८५३	८१,५५७,८५३	१,२३३,६३९,३८०	०१२६४	१०,३०९,३१६	१७७,४७२,७५४
आ.व. २१०१/१०२		६५,३७४,५४८	१८,१४९,१८६	–	८३,५२३,७३५	८३,५२३,७३५	१,३१७,१६३,११५	०११६०	९,६८६,०६७	१८७,१५८,८२०
आ.व. २१०२/१०३		६७,५८८,०१९	१८,१४९,१८६	–	८५,७३७,२०६	८५,७३७,२०६	१,४०२,९००,३२१	०१०६४	९,१२१,७९६	१९६,२८०,६१७
आ.व. २१०३/१०४		७६,४४०,२३७	१८,१४९,१८६	–	९४,५८९,४२४	९४,५८९,४२४	१,४९७,४८९,७४४	००९७६	९,२३२,६६६	२०५,५१३,२८३
		१,३८९,४४९,१४२	४८३,५१८,३७६	१५९,०३०,४५५	१,७३१,९९७,९७३	१,४९७,४८९,७४४			२०५,५१३,२८३	

Discount Rate: ९ %	
नेट प्रिजेन्ट भ्यालु (Net Present Value) : रु. २०५,५१३,२८३/-	
आयोजनाको इन्टरनल रेट अफ रिर्टन (Project Internal Rate of Return) : १३.२७ %	
लगानी फिर्ता हुने अवधि	
सामान्य लगानी फिर्ता हुने अवधि	७ वर्ष ३ महिना
डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि	१२ वर्ष ४ महिना

९) प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि हरेक महिना कम्पनीले आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको कन्ट्रयाक्ट इनर्जीको परिमाण सम्मको उर्जा खरीद वापत वर्षा याममा प्रति कि.वा. घण्टा रु. ४.८०/- (चार रुपैयाँ असी पैसा) र सुख्खा याममा प्रति कि.वा. घण्टा रु ८.४०/- (आठ रुपैयाँ चालिस पैसा) विद्युत खरीद दरले हुन आउने रकम कम्पनी अगुवा बैंक वा वित्तीय संस्थालाई बुझाउने छ। साथै व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) बाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिना देखि लागु हुने गरि प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले पाँच पटक सम्म मूल्यवृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरीद दर कायम गरिएको छ।

अवधि व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानि अवधि गणना हुने गरि	सुख्खा याम (पौष देखि चैत्र सम्म) (रु. प्रति युनिट)	वर्षा याम (वैशाख देखि मार्ग सम्म) (रु. प्रति युनिट)
पहिलो महिना देखि १२ औं महिना सम्म	८.४०	४.८०
१३ औं महिना देखि २४ औं महिना सम्म	८.६५	४.९४
२५ औं महिना देखि ३६ औं महिना सम्म	८.९०	५.०९
३७ औं महिना देखि ४८ औं महिना सम्म	९.१६	५.२३
४९ औं महिना देखि ६० औं महिना सम्म	९.४१	५.३८
६१ औं महिना देखि सम्झौता अवधि सम्म	९.६६	५.५२

कम्पनीको प्रबन्धपत्रको दफा (४) को उपदफा (१) अनुसार कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन :

(क) नेपाल भित्र रहेका जलसम्पदाको व्यापक खोजि गरी सम्भाव्य भएका विभिन्न साना, ठूला जलविद्युत आयोजनाहरुको अनुसन्धान, सर्वेक्षण तथा विकास गरी निजी सहभागितामा निर्माण गर्ने तथा विद्युत उत्पादन, प्रशारण तथा बिक्री वितरण गर्ने।
(ख) नेपालका विभिन्न स्थानमा रहेका नदी र खोलाहरुबाट जलविद्युत उत्पादन गरी थोक तथा खुद्रा बिक्री वितरण गर्ने र लिजमा लिने दिने।
(ग) नेपालमा जलविद्युत बाहेक अन्य बैकल्पिक स्रोतबाट पनि निजी क्षेत्रमा विद्युत उत्पादन, प्रशारण तथा बिक्री वितरण गर्ने।
(घ) नेपालमा अन्य कम्पनी, व्यक्ति, संगठन संस्थाहरुबाट उत्पादित विद्युत, उर्जा थोकमा खरिद गरी बिक्री वितरण गर्ने।
(ङ) राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा हुने जलविद्युत तथा विभिन्न बैकल्पिक उर्जा विकासको लागि बोलकबोल, टेण्डरमा भाग लिने र लिन लगाउने तथा जलविद्युत सर्वेक्षण अनुसन्धान गर्ने र बैकल्पिक उर्जा विकासको क्षेत्रमा आवश्यक पर्ने विभिन्न परामर्श सेवा प्रदान गर्ने।
(च) जलविद्युत र बैकल्पिक उर्जा विकास गर्ने सिलसिलामा हुने वातावरणीय पक्षलाई मध्येनजर राखी वातावरणीय विनाशलाई रोकथाम गर्ने उपाय अवलम्वन गर्ने तथा सुन्दर वातावरण बनाउन अध्ययन एवं अनुसन्धान गर्ने।
(छ) सम्भावना भएका साना तथा ठूला जलविद्युतका प्रशारण लाईन तथा वितरण लाईन विकास गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय सरकारी संस्था, गैर सरकारी संस्था तथा अन्य संघ, संस्थाहरुलाई निजी लगानी वा Joint Venture बाट आर्थिक, प्राविधक तथा वातावरणीय सहयोग जुटाउन प्रयास गर्ने।
(ज) विद्युत र वैकल्पिक उर्जा शक्तिको स्थानिय ग्रामिण जीवन स्तरमा सुधार गरी दिगो वातावरणीय (Environment) विकासमा जोड दिई प्राकृतिक सम्पदाको व्यापक संरक्षण गर्ने।
(झ) उत्पादित विद्युत नजिकको ग्रीड वा प्रशारण लाईनमा जोडी वा नजोडी खरिद बिक्री गर्ने।
(ञ) साना, मझौला र ठूला जलविद्युत आयोजनाहरुसँग समन्वय गरी विद्युत आपूर्ति तथा वितरण गर्ने।
(ट) स्थानिय क्षेत्रमा जलविद्युतबाट उत्पादन भएका विद्युत शक्तिहरु ठूला आयोजनाहरुलाई वा अन्य निकायलाई बिक्री वितरण गर्ने।
(ठ) विद्युत विकासका लागि चाहिने पूर्वाधार सम्बन्धी (Backward Linkage) र विकास गरी सकेपछिको (Forward Linkage) कार्यहरुमा आवश्यक परे संलग्न भई कार्य गर्ने गराउने।
(ड) उर्जा तथा जलविद्युत निर्माण र मर्मतका लागि स्वदेशी तथा विदेशी मालसामानहरु (Equipment) आपूर्ति गर्ने।
(ढ) जलविद्युत तथा अन्य विद्युत शक्ति उत्पादन सम्बन्धी आयोजनाहरुको विभिन्न भौतिक पूर्वाधारहरु जस्तै विद्युत प्रशारण, वितरण लाईन, सवस्टेशनहरु र विद्युत गृहसम्म जान आउनको लागि विद्युत बाटो, पुल तथा सुरुङ्ग मार्ग निर्माण लगायतको आवश्यक निर्माण सञ्चालन एवं मर्मत सम्भार सम्बन्धी कार्य गर्ने।

६. पूँजी संरचना सम्बन्धी जानकारीः

अधिकृत, जारी तथा चुक्ता पुँजी र संस्थाको स्थापना पश्चात् सो मा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :

१) **अधिकृत पूँजी :** कम्पनीको अधिकृत पूँजी रु. ५००,०००,०००/- (अक्षेरुपी पचास करोड रुपैंया) रहेकोछ। उक्त पूँजीलाई रु. १००/- का दरले ५,०००,००० (पचास लाख) थान शेयरमा बिभाजन गरिएको छ।

२) **जारी पूँजी :** कम्पनीको जारी पूँजी रु. ३००,०००,०००/- (अक्षेरुपी तीस करोड रुपैंया) रहेको छ। उक्त पूँजीलाई रु. १००/- का दरले ३,०००,००० (तीस लाख) थान शेयरमा बिभाजन गरिएको छ।

३) **चुक्ता पूँजी :** कम्पनीको चुक्ता पूँजी रु. २१०,०००,०००/- (अक्षेरुपी एक्काईस करोड रुपैयाँ) रहेको छ। उक्त पूँजीलाई रु. १००/- का दरले २,१००,००० (एक्काईस लाख) थान शेयरमा बिभाजन गरिएको छ। स्थानीय बासिन्दा तथा सर्वसाधारणका निमित्त छुट्टाइएको रु. ९०,०००,०००/- (अक्षेरुपी नौ करोड रुपैयाँ) रकम बराबरको रु.१००/- अंकित दरको ९००,००० कित्ता साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु. ३००,०००,०००/- (अक्षेरुपी तीस करोड रुपैयाँ) हुनेछ।

७. निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :

कम्पनीको प्रबन्धपत्रको दफा (६) मा उल्लेख भए अनुसार स्थानीय तथा सर्वसाधारणहरुमा साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ :

क्र.स	शेयरधनीहरु	साधारण शेयर संख्या	चुक्ता रकम (रु.)	पूँजी संरचना	भुक्तानी प्रतिशत
१	संस्थापक शेयरधनी	२,१००,०००	२१०,०००,०००/-	७० प्रतिशत	शत प्रतिशत
२	आयोजना प्रभावित ताराखोला गाउँपालिका र गल्कोट नगरपालिकाका स्थानिय बासिन्दा	३००,०००	३०,०००,०००/-	१० प्रतिशत	हाल निष्काशन प्रक्रियामा रहेको
३	सर्वसाधारण (कर्मचारी तथा सामूहिक लगानी कोष सहित)	६००,०००	६०,०००,०००/-	२० प्रतिशत	हाल निष्काशन प्रक्रियामा रहेका
	जम्मा	३,०००,०००	३००,०००,०००/-		

नोट : स्थानीय बासिन्दा र सर्वसाधारणहरुलाई बिक्री गरिने शेयर रकम चुक्ता हुन बाँकी रहेको छ।

८. संस्थापक/संचालक सम्बन्धी जानकारी :

आधारभुत शेयरधनीको विवरण

सि. नं	नाम, ठेगाना	पद	उमेर (वर्ष)	राष्ट्रियता	शेयर स्वामित्व (कित्ता)	शैक्षिक योग्यता	अनुभव (पूर्व र हाल कार्यरत)	प्रस्तावित व्यापार/ व्यवसायमा अनुभव
१	बद्री के.सी./मस्को, रसिया	अध्यक्ष	५०	गैर आवासिय नेपाली	२०५,३९०	पिएचडी, एक्जुकेटिभ एमबिए, इन्जिनियरिङ्गमा मास्टर डिग्री	१. अध्यक्ष - गैरआवासिय नेपाली संघ २. अध्यक्ष - ग्लोबल ईन्भेष्टमेन्ट फाउनडेशन प्रा.ली./अनुभव १२ वर्ष ३. अध्यक्ष - कन्टीनेन्टल टी एण्ड एक्सपोर्ट प्राइभेट लिमिटेड/अनुभव १२ वर्ष	अध्यक्ष - सयपत्री हाइड्रोपावर लिमिटेड/ अनुभव ८ वर्ष
२	सपिला राजभण्डारी/ काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. २८	सञ्चालक	५०	नेपाली	१०६,१८७	एक्जुकेटिभ एमबिए, कम्प्युटर साइन्समा एमएससि	उपाध्यक्ष - गैरआवासिय नेपाली संघ/अनुभव २ वर्ष	सञ्चालक - सयपत्री हाइड्रोपावर लिमिटेड/अनुभव ७ वर्ष
३	एक नारायण चापागाई/स्याङ्जा जिल्ला, गल्याङ गाउँपालिका वडा नं. ६	संस्थापक	५०	नेपाली	२०५,३८९	पिएचडी, एक्जुकेटिभ एमबिए	१. सञ्चालक - कन्टीनेन्टल टी एण्ड एक्सपोर्ट प्राइभेट लिमिटेड २. अध्यक्ष - नेचर हिमालय टि इण्डष्ट्रिज प्रा.लि.	-
४	कुमार प्रसाद पन्त/ गोरखा जिल्ला, गण्डकी गाउँपालिका वडा नं. ३	संस्थापक	४४	नेपाली	११४,३२०	वि.ए.	निवर्तमान अध्यक्ष - गैरआवासिय नेपाली संघ	-
५	सुनगाभा फाउन्डेसन प्रा.लि./ ललितपुर जिल्ला, ललितपुर महानगरपालिक वडा नं. २	संस्थापक	लागू नहुने	नेपाली	२१८,१७६	लागू नहुने	लागू नहुने	लागू नहुने
६	नामः गल्कोट इन्भेष्टमेन्ट प्राइभेट लिमिटेड/ काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. २१	संस्थापक	लागू नहुने	नेपाली	११९,६००	लागू नहुने	लागू नहुने	लागू नहुने

सञ्चालकको विवरण

सि. नं	नाम, ठेगाना	पद	उमेर (वर्ष)	राष्ट्रियता	शेयर स्वामित्व (कित्ता)	शैक्षिक योग्यता	अनुभव (पूर्व र हाल कार्यरत)	प्रस्तावित व्यापार/ व्यवसायमा अनुभव
१	बद्री के.सी./मस्को, रसिया	अध्यक्ष	५०	गैर आवासिय नेपाली	२०५,३९०	पिएचडी, एक्जुकेटिभ एमबिए, इन्जिनियरिङ्गमा मास्टर डिग्री	१. अध्यक्ष - गैरआवासिय नेपाली संघ २. अध्यक्ष - ग्लोबल ईन्भेष्टमेन्ट फाउन्डेशन प्रा.ली./अनुभव १२ वर्ष ३. अध्यक्ष - कन्टीनेन्टल टी एण्ड एक्सपोर्ट प्राइभेट लिमिटेड/अनुभव १२ वर्ष	अध्यक्ष - सयपत्री हाइड्रोपावर लिमिटेड/अनुभव ८ वर्ष
२	गोपाल प्रसाद निउरे/चितवन जिल्ला, भरतपुर महानगरपालिका वडा नं. १५	सञ्चालक	४१	नेपाली	२६,३५८	जलश्रोत इन्जिनियरिङ्गमा एमएससि	१. सञ्चालक - युनिट्स ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि./अनुभव १३ वर्ष (अनुभव हाईड्रोपावर डिजाइन, कन्स्ट्रक्सन र सुपरभिजन) २. आयोजना प्रबन्धक - सयपत्री हाइड्रोपावर लिमिटेड/अनुभव ५ वर्ष ३. सञ्चालक - सुनगाभा फाउन्डेसन प्रा.लि./अनुभव ८ वर्ष	सञ्चालक - सयपत्री हाइड्रोपावर लिमिटेड/ अनुभव ७ वर्ष
३	सपिला राजभण्डारी/ काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. २८	महिला सञ्चालक	५०	नेपाली	१०६,१८७	एक्जुकेटिभ एमबिए, कम्प्युटर साइन्समा एमएससि	उपाध्यक्ष - गैरआवासिय नेपाली संघ/अनुभव २ वर्ष	सञ्चालक - सयपत्री हाइड्रोपावर लिमिटेड/ अनुभव ७ वर्ष
४	पवन ढकाल/धादिङ जिल्ला, धुनिबेंशी नगरपालिका वडा नं. ५, धादिङ	सञ्चालक	४३	नेपाली	६२,६४९	मेकानिकल इन्जिनियरिङ्गमा एमई, एमबिए	१. कार्यकारी संचालक - German NGO Zukunft fuer Nepal Ostwuerttermberg e.V २. सदस्य - Sheshkant Foundation in Nepal ३. सदस्य (German Nepal Friendship Association Koeln ४. Global Manager - Voith Hydro GmBH, Germany र अनुभव १२ वर्ष ५. Sales Director - Geppert GmBH, Germany र अनुभव २.५ वर्ष ६. Design Engineer - Airbus Germany र अनुभव ३ वर्ष ७.Project Director - German Tehnical Insitute, Dhading	सञ्चालक - सयपत्री हाइड्रोपावर लिमिटेड/ अनुभव ४ वर्ष
५	नर बहादुर थापा (प्रतिनिधि गल्कोट इन्भेष्टमेन्ट प्राइभेट लिमिटेड)/बाम्लुङ्ग जिल्ला, ताराखोला गाउँपालिका वडा नं. ४, बाम्लुङ्ग	सञ्चालक	५०	नेपाली	छैन	वि.ए.	President - Namio Restaurant, जापान/ अनुभव २७ वर्ष	सञ्चालक - सयपत्री हाइड्रोपावर लिमिटेड/ अनुभव ४ वर्ष
६	बिकास कुमार श्रेष्ठ/ काठमाण्डौ जिल्ला, टोखा नगरपालिका वडा नं. ८	सञ्चालक	५१	नेपाली	५२,८५७	सिभिल इन्जिनियरिङ्गमा एमएससि	१. टेकिनकल डिरेक्टर - डिजायर इन्जिनियरिङ कन्सल्टेसी प्रा.लि./अनुभव २० वर्ष २. प्रयोजना संयोजक- दरमखोला हाइड्रो इनर्जि प्रा.ली./ अनुभव ५ वर्ष ३. अध्यक्ष - हनुमन्ते होल्डिङ्गस् प्रा.लि./ अनुभव १ वर्ष ४. डिजाइन इन्जिनियर - नेपाल विद्युत प्राधिकरण/अनुभव ५ वर्ष	सञ्चालक - सयपत्री हाइड्रोपावर लिमिटेड/ अनुभव १० वर्ष
७	विराज गौतम/दाङ जिल्ला, घोराही उपमहानगरपालिका वडा नं. १८	स्वतन्त्र सञ्चालक	४१	नेपाली	छैन	इन्जिनियरिङ्ग जिओलोजिष्ट	१. इन्जिनियरिङ्ग जिओलोजिष्ट - वेलकम इन्जिनियरिङ्ग डेभलपमेन्ट प्रा.लि./अनुभव ३ वर्ष २. सिनियर जिओलोजिष्ट - बुटवल पावर कम्पनी लि./अनुभव ५ वर्ष ३. सिनियर जिओलोजिष्ट/नायब महाप्रबन्धक फिडब्याक नेपाल प्रा.लि. - बुटवल पावर कम्पनी लि./अनुभव ५ वर्ष ४. परामर्शदाता - हिमालयन इन्फ्रास्ट्रक्चर फण्ड, सुन्धारा, काठमाण्डौ/अनुभव ५ वर्ष	स्वतन्त्र सञ्चालक - सयपत्री हाइड्रोपावर लिमिटेड/अनुभव १ वर्ष

९. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

कम्पनीको नियमावलीको नियम (२७) मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति रहने व्यवस्था छ। सञ्चालक समितिमा सञ्चालक सदस्यहरुको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ।

संस्थापक शेयरधनीहरूबाट मनोनित वा निर्वाचित सञ्चालकहरू	४ जना
सर्वसाधारण शेयरधनीहरूबाट निर्वाचित सञ्चालकहरू	२ जना
स्वतन्त्र सञ्चालक	१ जना
जम्मा	**७ जना**

नोटः हाल सर्वसाधारणका लागि शेयर निष्काशन नभएसम्म संस्थापकहरुबाट नै सञ्चालक समितिमा प्रतिनिधित्व गरिएको र सर्वसाधारणमा शेयर निष्काशन पछिको साधारण सभाबाट २ जना सञ्चालकहरु सर्वसाधारणको तर्फबाट निर्वाचित गरिने छ।

कम्पनीको नियमावली नियम (२८) मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनु पर्नेछ। यस्तो शेयर खरिद गर्ने व्यक्तिले आफ्नो शेयर कुनै व्यहोराले कसैलाई धितो बन्धक दिएको वा राखेको हुनु हुँदैन। तर संगठित संस्था र व्यावसायिक विशेषज्ञको प्रतिनिधित्व गर्ने स्वतन्त्र सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन।

१०. उच्च व्यवस्थापकीय तहका अधिकृत कार्यकारीहरु सम्बन्धी विवरणः

क्र.स	कर्मचारीको नाम	पद	योग्यता	नियुक्ति मिति	अनुभव	शेयर कित्ता
१	केदार के.सी.	प्रमुख कार्यकारी अधिकृत	स्नातक (विज्ञान)	२०६९/०९/०१	१. पर्सनल मेनेजर, हिमालयन हाईट रिसोर्ट प्रा.लि., मिति २०५० देखि मिति २०५९ २. सहायक महाप्रबन्धक, हिमालयन हाईट रिसोर्ट प्रा.लि., मिति २०५९ देखि मिति २०६२ सम्म ३. अपरेटिङ मेनेजर, लकजरी एड्भान्स नेपाल प्रा. लि., मिति २०६२ देखि मिति २०६९ सम्म ४. प्रमुख कार्यकारी अधिकृत, सयपत्री हाइड्रोपावर लिमिटेड, मिति २०६९ देखि हाल सम्म	३९,३७७
२	सन्तोष अधिकारी	प्लान्ट इन्चार्ज	इलेक्ट्रिकल इन्जिनियर	२०७१/१२/०१	१. प्लान्ट मेनेजर, सयपत्री हाईड्रोपावर लि., मिति २०७१ देखि हाल सम्म	२,१६८
३	कृष्ण चालिसे	लेखा अधिकृत	विविएस	२०६९/०९/०१	१. स्काउट टिचर, ग्यालेक्सी स्कूल, मिति २०६० देखि मिति २०६४ सम्म २. स्काउट टिचर, नव जिवन स्कूल, मिति २०६४ देखि मिति २०६६ सम्म ३. कन्टीनेन्टल टी एण्ड एक्सपोर्ट प्रा.लि., मिति २०६६ देखि २०६९ सम्म ४. लेखापाल, होटल मण्डला, मितिः २०६६ देखि २०७२ सम्म - पार्ट टाईम ५. लेखा अधिकृत, सयपत्री हाईड्रोपावर लिमिटेड, मितिः२०६९ देखि हाल सम्म	४,१५२

११. सीमित दायित्व सम्बन्धी विवरण :

यस कम्पनी प्रचलित कम्पनी कानून अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो। यसमा शेयरधनीहरुको दायित्व सीमित छ। यस कम्पनीको शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अधिकतम रकम सम्म मात्र सीमित रहनेछ।

१२. कम्पनीको सकारात्मक पक्षहरु :

(१) आयोजनाबाट प्राप्त हुने आयमा पहिलो १० वर्ष आयकर छुट प्राप्त भएको हुँदा लाभांशको दर बढी रहेको। जलविद्युत आयोजनाको सम्पूर्ण संरचना, मेसिन, औजार तथा उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न बीमा गरिएको।
(२) कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको।
(३) जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेको यस कम्पनीको भविष्य उज्ज्वल रहेको।

१३. धितोपत्र जारी गर्नुको उद्देश्य :

कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको व्यवस्था अनुसार कम्पनीले आफ्नो जारी पूँजी रु. ३००,०००,०००/- (अक्षेरुपी तीस करोड) को १० प्रतिशत आयोजना प्रभावित क्षेत्र ताराखोला गाउँपालिका र गल्कोट नगरपालिकामा स्थायी रुपमा बसोबास गर्ने स्थानीय बासिन्दाहरुको लागि तथा तत्पश्चात् सर्वसाधारणमा जारी पूँजीको २० प्रतिशत अर्थात ६००,००० कित्ता शेयर सर्वसाधारणहरुमा निष्काशन गरी कम्पनीको पूँजी पुऱ्याउने यसको मुख्य उद्देश्य रहेको छ। निष्काशनबाट प्राप्त रकम ताराखोला गाउँपालिका स्थित वगर खोलाको पानी आयोजनाको हेडवर्क (वाध स्थल) मा खसाली आयोजनाको उर्जा बृद्धि तथा कर्जा भुक्तानीका लागि प्रयोग गरिने मुख्य उद्देश्य रहेको छ।

१४. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

निष्काशनबाट प्राप्त हुने कूल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिनेछ तत् सम्बन्धी विवरण :

सि.न.	विवरण	रकम रु.
१	ताराखोला गाउँपालिका स्थित बगर खोलाको पानी आयोजनाको हेडवर्क (बाध स्थल) मा खसाली आयोजनाको उर्जा बृद्धिका लागि अनुमानित खर्च	१५,०००,०००/-
२	आयोजना निर्माण गर्दा कायम दायित्व	७५,०००,०००/-
	जम्मा	९०,०००,०००/-

१५. सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा संचालन अवधिभरको लेखापरीक्षण भएको नाफा नोक्सान, वासलात सहितको संक्षिप्त वित्तीय विवरण (सहायक कम्पनी भए समष्टिकृत रुपमा):

यस कम्पनीको आ.व. २०७७/०७८ को लेखापरिक्षण भएको वासलात, नाफा नोक्सान हिसाब तथा नाफा नोक्सान बाँडफाँड हिसाब खाताको यथार्थ रूपरेखा यस प्रकार छ ।

वासलात *(रु.हजारमा)*

विवरण	वास्तविक			अपरिष्कृत	प्रक्षेपित		
	आ.व. २०७५/०७६	आ.व. २०७६/०७७	आ.व. २०७७/०७८	आ.व. २०७८/०७९ चैत्र मसान्त	आ.व. २०७८/०७९	आ.व. २०७९/०८०	आ.व. २०८०/०८१
सम्पत्ति							
गैर चालु सम्पत्ति							
सम्पत्ति, मेशिनरी तथा उपकरण	५५१,७९०	५३४,५०८	५४१,५१७	५२८,५५६	५१७,८४९	५००,४६१	४८२,८३६
अमूर्त सम्पत्तिहरु	–	–	–	–	१४९	१२८	१११
लगानी	–	–	–	–	–	१५,०००	२५,०००
स्थगन कर सम्पत्ति	–	–	–	–	–	–	–
जम्मा गैर चालु सम्पत्ति	५५१,७९०	५३४,५०८	५४१,५१७	५२८,५५६	५१७,९९८	५१५,५८९	५०७,९४७
चालु सम्पत्ति							
लगानी							
मोज्दात	–	–	८,२९३	२,१५३	२,१५३	–	–
व्यापार आसामी	४,५५४	९,६१३	७,९९८	१८,७९८	२४,४७९	२८,३८६	३०,३१०
अग्रिम आयकर	–	–	–	–	–	–	–
अग्रिम, पूर्वभुक्तानी र अन्य प्राप्तीहरु/आसामीहरु	१,८७६	१५,६२९	१६,२२४	१८,९४७	२०,४८७	२५,९३६	१८,२८०
नगद तथा नगद बराबर	१,२२७	७०९	२८९	८,१३५	८,८८४	१८,४०४	३५,६१३
जम्मा चालु सम्पत्ति	७,६५७	२५,९५१	३२,८०४	४८,०३३	५६,००३	७२,७२६	८४,२०२
जम्मा सम्पत्ति	५५९,४४८	५६०,४५९	५७४,३२१	५७६,५८९	५७४,००१	५८८,३१५	५९२,१४९
इक्विटी र दायित्वहरु							
इक्विटी							
शेयर पूँजी	२१०,०००	२१०,०००	२१०,०००	२,१०,०००	३००,०००	३००,०००	३००,०००
पूर्नमूल्याङ्कन जगेडा	–	–	२४,२९६	२४,२९६	२३,०४३	२३,०४३	२३,०४३
संचित नाफा नोक्सान	(७७,८९४)	(८३,७४९)	(७३,५७९)	(५०,७९७)	(२३,९५२)	१३,७०२	५३,२१०
जम्मा इक्विटी	१३२,१०६	१२६,२५१	१६०,७१७	१८३,४९९	२९९,०९१	३३६,७४६	३७६,२५३
गैर चालु दायित्व							
ऋण तथा सापटी	३६९,०४१	३६३,६३६	३३७६८६	३३६,१२६	१८८,९४२	२२३,७६६	१७६,१९४
कर्मचारीहरुको सुविधाका लागि प्रावधान	१९५	२६०	१,३२६	१,३२७	३२६	३२६	–
पूर्नमूल्याङ्कन जगेडा	–	–	–	–	–	–	–
जम्मा गैर चालु दायित्व	३६९,२३६	३६३,८९६	३३९०१२	३,३७,४५३	१८९,२६८	२२४,०९२	१७६,१९४
चालु दायित्व							
ऋण तथा सापटी	२५,९४६	३७,२२९	४५७२६	३४,६८६	८१,२४४	२३,२१०	३५,३९१
ट्रेड र अन्य दायित्व	३२,१६०	३३,०८४	२८,८६६	२०,९५१	४,३९८	४,२६७	४,३१०
आयकर तिर्न बाँकी	–	–	–	–	–	–	–
जम्मा चालु दायित्व	५८,१०६	७०,३१३	७४५९२	५५,६३७	८५,६४२	२७,४७७	३९,७०१
जम्मा दायित्वहरु	४२७,३४२	४३४,२०९	४१३,६०४	३९३,०९०	२७४,९१०	२५१,५६९	२१५,८९६
जम्मा इक्विटी र दायित्वहरु	५५९,४४८	५६०,४५९	५७४,३२१	५७६,५८९	५७४,००१	५८८,३१५	५९२,१४९

नाफा-नोक्सान हिसाव *(रु.हजारमा)*

विवरण	वास्तविक			अपरिष्कृत	प्रक्षेपित		
	आ.व. २०७५/०७६	आ.व. २०७६/०७७	आ.व. २०७७/०७८	आ.व. २०७८/०७९ चैत्र मसान्त	आ.व. २०७८/०७९	आ.व. २०७९/०८०	आ.व. २०८०/०८१
सञ्चालन आम्दानी	४६,२०५	५२,६४६	५५,३९२	५८,८७५	८२,१३२	८५,१५८	८५,१५८
प्रत्यक्ष ओभरहेड खर्च	१०,७२७	५,६८८	४,२६८	५,०२०	४,२२१	४,४३२	४,६५४
कूल नाफा	३५,४७७	४६,९५८	५१,१२४	५३,८५५	७७,९११	८०,७२६	८०,५०४
अन्य आम्दानी	८४७	१३,२१७	१०,३७४	८,१२७	२०,५९०	७७५	८२९
प्रशासनिक खर्च	२,६३५	१,६९२	१,६०५	८१७	२,४७५	१,७४१	१,८३६
कर्मचारी व्यवस्था		४,९१०	५,४०६	३११६	४,७९४	५,०३३	५,१५१
अन्य खर्च		–	–	–	–	–	–
ह्रास खर्च	१९,६९८	१७,४४४	१७,३५३	१३,००८	१७,६६८	१७,६५८	१७,६२५
अपलेखन खर्च	–	–	–	–	२६	२१	१७
सञ्चालन नाफा	३३,६९०	३६,१२८	३७,१३५	४५,०४१	७३,५३८	५७,०४८	५६,७०४
वित्तिय खर्च	३९,९००	४१,९८४	२६,९६४	२२,२५९	२३,९११	१९,३९४	१७,१९६
वित्तीय आम्दानी		–	–		–	–	–
कर अधिको नाफा	(२५,९०८)	(५,८५६)	१०,१७०	२२,७८२	४९,६२७	३७,६५४	३९,५०८
कर खर्च	–	–	–	–	–	–	–
यस वर्षको नाफा	(२५,९०८)	(५,८५६)	१०,१७०	२२,७८२	४९,६२७	३७,६५४	३९,५०८

वित्तीय प्रक्षेपणका आधारहरुको औचित्य पुष्टि हुने विवरण देहाय बमोजिम रहेको छः

(१) कम्पनीले दरम खोला 'ए' जलविद्युत आयोजना (२.५ मे.वा.) बाम्लुङ जिल्ला, ताराखोला गाउँपालिका वडा नं. २ र वडा नं. ३ मा निर्माण कार्य सम्पन्न गरेको।
(२) आयोजनाको निर्माणको कार्य सकि व्यापारिक उत्पादन मिति २०७३/०३/१२ मा गरि सकिएको।
(३) कम्पनीले नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद सम्झौता समेत गरिसकेको छ र व्यापारिक विद्युत उत्पादन मिति २०७३/०३/१२ मा गरिएको।
(४) पूर्व निर्धारित समयमा उत्पादन हुन नसकेका कारणले कम्पनीले नेपाल विद्युत प्राधिकरणलाई बुझाउनुपर्ने कुनै रकम नरहेको।
(५) विद्युत विक्रीबाट प्राप्त हुने आम्दानी नेपाल विद्युत प्राधिकरणसँग भएको विद्युत खरीद विक्री सम्झौताको आधारमा प्रक्षेपण गरिएको छ।
(६) कम्पनीको नीति बमोजिम परिक्षण उत्पादन हुने मिति सम्मका सम्पूर्ण खर्चलाई आयोजना निर्माणमा पूँजीकृत गरिएको हुनाले नाफा नोक्सान हिसावमा देखाइएको छैन।
(७) कम्पनीले हाल रु. ९०,०००,०००/- को शेयर निष्काशन गर्न लागेको छ र सो पश्चात् संस्थापक शेयर समेत गरी कुल शेयर पूँजी रु. ३००,०००,०००/- हुनेछ।
(८) शेयर निष्काशनबाट प्राप्त हुने रकम आयोजना निर्माणमा खर्च गरिनेछ।
(९) जलविद्युत परियोजनाको ह्रासकट्टी परियोजनाको अनुमानित सञ्चालन देखि लाइसेन्स अवधि (मिति २१०५/०२/०१) सम्ममा Straight Line Method (SLM) मा गरिएको छ। साथै, अन्य सम्पत्तिको हकमा ह्रासकट्टी प्रचलित कानून अनुसार गरिएको छ। कुनै पनि स्थिर सम्पत्ति खरिदको प्रक्षेपण गरिएको छैन।
(१०) ऋण भुक्तानी बैंकहरुसँग भएको सम्झौता अनुसार गरिएको छ। व्याजदर ९ प्रतिशत अनुमान गरिएको छ।
(११) रोयल्टी खर्च विद्युत ऐन अनुसार प्रक्षेपण गरिएको छ।
(१२) परियोजना सञ्चालन खर्च तथा प्रशासनिक खर्च वार्षिक ५ प्रतिशतले बृद्धि हुनेगरी प्रक्षेपण गरिएको छ।
(१३) कर्मचारी बोनश विद्युत ऐन, २०४९ बमाजिम कायम गरिएको छ।
(१४) विद्युत आम्दानी शुरुको १० वर्षका लागि कर छुट भएकाले करको प्रावधान प्रक्षेपण गरिएको छैन।

सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) तथा प्रति शेयर नेटवर्थ : आ.व. २०७७/०७८ को नेटवर्थ गणना गर्दा स्थिर सम्पतिको पुनर्मुल्यांकन गरिएको रकमलाई समावेश गरिएको छैन। साथै आ.व. २०७८/०७९ देखि आ.व. २०८०/०८१ सम्मको नेटवर्थ गणना गर्दा समेत स्थिर सम्पतिको पुनर्मुल्यांकन गरिएको रकमलाई समावेश गरिएको छैन। कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित औसत प्रतिफल देहाय बमोजिम रहेको छ :

विवरण	वास्तविक			अपरिष्कृत	प्रक्षेपित		
	आ.व. २०७५/०७६	आ.व. २०७६/०७७	आ.व. २०७७/०७८	आ.व. २०७८/०७९ चैत्र मसान्त	आ.व. २०७८/०७९	आ.व. २०७९/०८०	आ.व. २०८०/०८१
शेयर पूँजी	२१०,०००	२१०,०००	२१०,०००	२१०,०००	३००,०००	३००,०००	३००,०००
संचित नाफा नोक्सान	(७७,८९४)	(८३,७४९)	(७३,५७९)	(५०,७९७)	(२३,९५२)	१३,७०२	५३,२१०
कुल	१३२,१०६	१२६,२५१	१३७६७४	१५९,२०३	२७६,०४८	३१३,७०२	३५३,२१०
घटाउने : अपलेखन गर्न बाँकी खर्च	–	–	–	–	–	–	–
कुल नेटवर्थ	१३२,१०६	१२६,२५१	१३७६७४	१५९,२०३	२७६,०४८	३१३,७०२	३५३,२१०
शेयर संख्या (हजारमा)	२,१००	२,१००	२,१००	२,१००	३,०००	३,०००	३,०००
प्रतिशेयर (नेटवर्थ) रु.	६२.९१	६०.१२	६४.९६	७५.८१	९२.०२	१०४.५७	११७.७४
खुद नाफा/(नोक्सानी)	(२५,९०८)	(५,८५६)	१०,१७०	२२७८२	४९६२७	३७६५४	३९५०८
प्रतिशेयर आम्दानी (रु.)	(१२.३४)	(२.७९)	४.८४	१०.८५	१६.५४	१२.५५	१३.१७
नेटवर्थमा भएको प्रतिफल प्रतिशत	(१९.६१)	(४.६४)	७.४६	१४.३१	१७.९८	१२.००	११.१८

विगत ३ वर्षको नेटवर्थमा भएको औसत प्रतिफलः (५.६०) %

कम्पनीको वित्तिय विवरण प्रक्षेपण विगत वर्षको कारोबारको आधारमा निष्कासन कम्पनीले तयार गरेको हो। उक्त वित्तिय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरी ठिक छ भनि डि.एन.साह एण्ड एसोसिएट्सका चार्टर्ड एकाउण्टेण्ट दिप नारायण साहले गर्नु भएको हो।

१६. अन्तर्निहित जोखीम तथा सो मा व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

संगठित संस्थाले बहन गरेको वा गर्ने जोखीम स्पष्ट रुपमा उल्लेख गरिएको। यस सन्दर्भमा जोखीमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/आयोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी बर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखीमको विश्लेषण गरिएको :

(क) वित्तीय साधनको अभावबाट हुने जोखिम :
- सञ्चालनमा आईसकेको हुदा जलविद्युत केन्द्रमा वित्तिय जोखिम नरहेको। साथै कम्पनीमा प्राथमिक निष्काशनबाट रु. ९०,०००,०००/- थप हुने हुँदा कम्पनीमा वित्तिय साधनको अभावबाट जोखिम हुने संभावना नरहेको।
- नयाँ आयोजनाको अनुसन्धान तथा विकासमा संकुचन आउन सक्ने।
- संस्थामा आवद्ध शेयरधनीहरुले कबुल गरेको सम्पूर्ण रकम प्राप्त भै सकेको र बैकबाट समेत ऋण प्राप्त गरिसकेकोले वित्तिय साधनको अभावबाट कुनै पनि जोखिम नहुने।

(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिमः
- जलस्रोतको मुहानको बातावरणमा अप्रत्यासित रुपमा परिवर्तन भै पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने।
- परियोजनालाई चाहिने अन्य कच्चा पदार्थहरु फलाम, मेशिन, छड जस्ता कच्चा पदार्थहरुको व्यवस्थापन भइसकेको हुनाले कच्चा पदार्थको अभावबाट कुनै पनि जोखिम नहुने।

(ग) उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :
- यस परियोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सम्झौता भै सकेको हुनाले यस्तो जोखिम नहुने।
- नेपाल विद्युत प्रधिकरण पुर्णतया नेपाल सरकारको स्वामित्व भएको संस्था भएको हुँदा विद्युत बिक्रीवाट प्राप्त हुने आयमा सुनिश्चितता रहेको छ।
- हालको अवस्थामा विद्युतको बजारको जोखिम नरहेको।

(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (cost overrun) को जोखिम : सयपत्री हाइड्रोपावर लिमिटेडद्वारा संचालित २.५ मे.वा क्षमताको दरम खोला 'ए' जलविद्युत आयोजनाबाट मिति २०७३/०३/१२ गते बाट विद्युत उत्पादन शुरु गरि सकेको हुँदा मूल्य अभिबृद्धिको जाखिम नरहेको।

(ङ) विदेशी विनिमयको जोखिम : हाल त्यस्तो जोखिम नरहको।

(च) कानूनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने भए सो बाट पर्न सक्ने अवरोधहरु : हाल कम्पनीले पूरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु पूरा गरिसकेको र प्राप्त गर्नुपर्ने सम्पूर्ण इजाजतपत्रहरु प्राप्त गरी विद्युत उत्पादन समेत शुरु गरि सकेको हुँदा सो जोखिम नरहेको।

(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम : अन्तराष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्नसक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु।

(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम : कर, भन्सार, विद्युतिय उपकरणहरु आयातमा कुनै पनि नितिगत परिवर्तन भएमा यस्ता जोखिम रहने तर कम्पनीले आयात गर्ने उपकरणहरुमा भन्सार महशुल १ प्रतिशत र मूल्य अभिबृद्धिकर पूर्ण छुट हुने व्यवस्था रहने हुँदा सम्पूर्ण कर, भन्सार तथा विद्युतिय उपकरणहरु आयात गरि विद्युत उत्पादन गरि रहेको र सरकारी नीति तथा नियमहरुमा परिवर्तन भएमा हुने जोखिम।

(झ) सञ्चालन इतिहासको अभाव : यस कम्पनीले मिति २०७३/०३/१२ गतेदेखि व्यावसायिक रुपमा बिद्युत उत्पादन गरी नेपाल बिद्युत प्राधिकरण मार्फत केन्द्रीय प्रसारणमा उपलब्ध गराउँदै आएकोले सो मिति देखि सञ्चालनको इतिहास सुरु भएको हो। यस कम्पनीका सञ्चालकहरु व्यवसायीक प्राज्ञिक पृष्ठ भूमीका रहनु भएको र कम्पनीमा कार्यरत कर्मचारीहरु समेत अनुभवी रहनु भएको हुँदा यस कम्पनीमा सञ्चालन अनुभव अभावबाट हुने जोखिम नभएको।

(ञ) प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम : उर्जा विभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ। जस्ते सोर्य शक्ति, डिजेल, कोइला, जलश्रोत इत्यादि। यस मध्ये पानीबाट उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा हो, जसले वातावरणमा नकारात्मक प्रभाव पार्दैन। त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने बिद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरु जोखिम कम व्यवसाय हो। तथापी भविष्यमा अन्य श्रोतबाट विद्युत उत्पादन भएमा भने केही हदसम्म यस व्यवसायमा असर पार्ने जोखिम रहेको छ।

(ट) पूर्वाधार निर्माणमा हुने ढिलाईका कारण हुन सक्ने जोखिम : सम्पूर्ण पुर्वाधार निर्माण सम्पन्न भैसकेकोले यस बाट जोखिम नरहेको।

(ठ) अन्य :
- जलविद्युत आयोजना निमार्ण गर्दा हुने जोखिमहरु मध्ये भुकम्प, बाढी पहिरो जस्ता कारणले हुने क्षति र यसवाट विद्युत उत्पादनमा पर्ने प्रभावलाई न्यूनिकरणका लागि परियोजनाको सम्पूर्ण सम्पत्तिलाई खाम्ने गरी विमाको व्यवस्था गरिएको छ। जलवायु परिवर्तन वाट खोलामा पानीको वाहावमा थप घट हुन गई तद्अनुरुप विद्युत उत्पादनमा घटबढ हुन सक्छ। यसका लागि विद्युत उत्पादनमा कमी आएमा हर्जना मिनाहा हुने व्यवस्था कायम रहेको छ।
- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु।
- पूँजीबजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु।
- यस परियोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सम्झौता भै सकेको हुनाले परियोजनाको आय निश्चित भएकाले सो जोखिम नरहेको।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै आनेछ :

नेपालमा उर्जा शक्तिको माग धेरै र आपूर्ति न्यून रहेको छ। उर्जा विभिन्न श्रोतवाट प्राप्त गर्न सकिन्छ। जस्तै : सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत, इत्यादि। नेपाल जलश्रोतको धनी देश भएको र अन्य विद्युत उर्जाको स्रोतहरु भन्दा पानीवाट उत्पादन हुने विद्युतलाई भरपर्दो मानिन्छ। उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने, जलविद्युत आयोजनाको लगानीमा अन्य स्रोत भन्दा न्यून जोखिम रहेको र यस प्रकारको आयोजनाले वातावरणमा पनि न्यून प्रभाव पर्ने व्यवस्थापनको धारणा रहेको छ। त्यस कारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीवाट भरपर्दो विद्युत उत्पादन गर्न सकिने र यसको लागत पनि अन्य उर्जाका श्रोत भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा जलविद्युत आयोजनाहरुमा जोखिम कम रहेको धारणा व्यवस्थापनको रहेको छ। साथै उपरोक्त सम्भावित जोखिमहरुलाई न्यूनिकरण गर्न उपकरणहरुको ह्रास खर्चको व्यवस्था, आयोजनाको संरचना, मेसिन, औजार, तथा उपकरणहरुको जोखिमलाई न्यूनिकरण गर्न विमाको व्यवस्था नेपाल ईन्स्योरेन्स कम्पनी लिमिटेडबाट दरम खोला 'ए' जलविद्युत आयोजना अन्तर्गतका मेसिन, औजार र उपकरणहरुको र कम्पनीले सम्भावित जोखिमहरुलाई न्यूनिकरण गर्न निम्न अनुसारको बीमा गरेको छ :

क्र. सं.	बीमा प्रकार	विमा रकम (ने.रु.)	बिमा शुल्क (ने.रु.)	बिमा प्रिमियम मिति	बिमा गरेको समयावधि	रक्षावरण
१.	सम्पत्ति बीमालेख	३७८,५१८,१०१/-	७९१,३१५/-	सन् २०२२ जनवरी १४	सन् २०२२ जनवरी १६ देखि सन् २०२३ जनवरी १५	अग्निजन्य क्षति; हावाजन्य क्षति; पानीजन्य क्षति; भूमिजन्य क्षति; खस्ने र भासिने सम्बन्धी क्षति; चट्याङ्गजन्य क्षति; विस्फोटजन्य क्षति; आकाशीय सामाग्रीजन्य क्षति; धम्की दिएर, छोइर, लडेर वा लागेर हुने क्षति; स्वजलन; हुलदङ्गा तथा आतङ्कवादजन्य क्षति; मिसाइल टेस्टिङ् अपरेशनका कारण हुने क्षति।
२.	**मेशिनरी ब्रेकडाउन बीमा पोलिसी**					
(क)	उपकरण	१४,३३७,४४०/-	७७४,१७२/-	सन् २०२२ जनवरी १४	सन् २०२२ जनवरी १६ देखि सन् २०२३ जनवरी १५	अग्निजन्य क्षति; हावाजन्य क्षति; पानीजन्य क्षति; भूमिजन्य क्षति; खस्ने र भासिने सम्बन्धी क्षति; चट्याङ्गजन्य क्षति; विस्फोटजन्य क्षति; आकाशीय सामाग्रीजन्य क्षति; धम्की दिएर, छोइर, लडेर वा लागेर हुने क्षति; स्वजलन; हुलदङ्गा तथा आतङ्कवादजन्य क्षति; मिसाइल टेस्टिङ् अपरेशनका कारण हुने क्षति।
(ख)	मेशिनरी ब्रेकडाउन बीमा पोलिसी	६१,७८३,४३७.०४/-		सन् २०२२ जनवरी १४	सन् २०२२ जनवरी १६ देखि सन् २०२३ जनवरी १५	अग्निजन्य क्षति; हावाजन्य क्षति; पानीजन्य क्षति; भूमिजन्य क्षति; खस्ने र भासिने सम्बन्धी क्षति; चट्याङ्गजन्य क्षति; विस्फोटजन्य क्षति; आकाशीय सामाग्रीजन्य क्षति; धम्की दिएर, छोइर, लडेर वा लागेर हुने क्षति; स्वजलन; हुलदङ्गा तथा आतङ्कवादजन्य क्षति; मिसाइल टेस्टिङ् अपरेशनका कारण हुने क्षति।
	जम्मा	**७६,१२०,८७७.०४**	**७७४,१७२/-**			
३.	मेशिनरी लस अफ प्रोफिट बीमा पोलिसी	४०,०००,०००/-	२४४,१०३/-	सन् २०२२ जनवरी १४	सन् २०२२ जनवरी १६ देखि सन् २०२३ जनवरी १५	अग्निजन्य क्षति; हावाजन्य क्षति; पानीजन्य क्षति; भूमिजन्य क्षति; खस्ने र भासिने सम्बन्धी क्षति; चट्याङ्गजन्य क्षति; विस्फोटजन्य क्षति; आकाशीय सामाग्रीजन्य क्षति; धम्की दिएर, छोइर, लडेर वा लागेर हुने क्षति; स्वजलन; हुलदङ्गा तथा आतङ्कवादजन्य क्षति; मिसाइल टेस्टिङ् अपरेशनका कारण हुने क्षति।
४.	लस अफ प्रोफिट बीमा पोलिसी	४०,०००,०००/-	२४४,१०३/-	सन् २०२२ जनवरी १४	सन् २०२२ जनवरी १६ देखि सन् २०२३ जनवरी १५	अग्निजन्य क्षति; हावाजन्य क्षति; पानीजन्य क्षति; भूमिजन्य क्षति; खस्ने र भासिने सम्बन्धी क्षति; चट्याङ्गजन्य क्षति; विस्फोटजन्य क्षति; आकाशीय सामाग्रीजन्य क्षति; धम्की दिएर, छोइर, लडेर वा लागेर हुने क्षति; स्वजलन; हुलदङ्गा तथा आतङ्कवादजन्य क्षति; मिसाइल टेस्टिङ् अपरेशनका कारण हुने क्षति।
	जम्मा	**५३४,६३८,९७८.०४**	**२,०५३,६९३/-**			

धितोपत्र मूल्य परिवर्तन सम्बन्धि जोखिमः

रु. १००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ।

१७. धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सुचीकरण सम्बन्धी विवरण :

(क) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया : यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर बाम्लुङ्ग जिल्लाको आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि निष्काशन गरिएको छ। शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ र न्यून माग भएको अवस्थामा सर्वसाधारणमा शेयर निष्काशन हुँदा बाँकी भएको शेयर थप गरी सर्वसाधारणमा शेयर निष्काशन गरिनेछ। शेयर बाँडफाँड सम्बन्धी सम्पूर्ण प्रक्रिया धितोपत्र सम्बन्धी प्रचलित कानूनको आधारमा गरिनेछ।

(ख) अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था : शेयर बिक्री बन्द भएको मितिले तोकिएको समयभित्र शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाइएको शेयर बाँडफाँड पत्र र रकम फिर्ता भुक्तानी पूर्जा दिइनेछ।

(ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर : धितोपत्र निष्कासन तथा बाँडफाँड निर्देशिका, २०७४ ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँड पत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा शेयरको विक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ट्रेजरी बीलको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाव गरी रकम फिर्ता भुक्तानी गरिनेछ।

(घ) धितोपत्रको बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधी : निष्कासन गरिने साधारण शेयर प्रचलित धितोपत्र निष्कासन तथा बाँडफाँड निर्देशिका, २०७४ तथा प्रचलित शेयर बाँडफाँड सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँड गरी तोकिएको समयावधि भित्र शेयर प्रमाणपत्र वितरण गरिनेछ।

(ङ) धितोपत्र सुचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सुचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण : सो नभएको।

(च) धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा विक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीदबिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण : धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था बमोजिम, स्थानीय बासिन्दालाई साधारण शेयरको निष्काशन गरी बाँडफाँड गरे पश्चात् सर्व साधारणको लागि साधारण शेयर निष्काशन गरी बाँडफाँड गरीनेछ। यस विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्रका वासिन्दा तथा सर्वसाधारणलाई निष्काशन गरीने धितोपत्र एकै पटक नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा प्रचलित सूचिकरण सम्बन्धी व्यवस्था अनुसार सूचिकरण गराई शेयर खरिद बिक्रीको व्यवस्था मिलाइनेछ।

१८. आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :

आयोजना प्रभावित क्षेत्र बाम्लुङ्ग जिल्ला, ताराखोला गाउँपालिका सम्पूर्ण वडाहरु तथा गल्कोट नगरपालिकाका सम्पूर्ण वडाहरुमा स्थायी बसोवास गर्ने स्थानीय बासिन्दाहरुले यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा शेयर खरिद गर्न आवेदन दिन सक्नेछन्ः

क) आवेदकले दरखास्त फारममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी अनिवार्य रुपले हालसाले खिचेको फोटो सहित आफैले दस्तखत गरी आयोजना प्रभावित क्षेत्रका बासिन्दा प्रमाणित गर्ने स्थानिय निकायबाट जारी कागजात सहित दरखास्त फारम बुझाउनु पर्नेछ।
ख) १६ वर्ष उमेर पुगेको हकमा आवेदकले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपी स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा दरखास्त फारम बुझाउँदा पेश गर्नुपर्नेछ। स्थानीयको बारेमा कुनै विवाद आएमा सम्बन्धीत नगरपालिका/गाउँपालिकाका वडा कायालयले सिफारिस गरेको हकमा निजलाई स्थानीयको रुपमा मान्यता दिइनेछ।
ग) १६ वर्ष भन्दा कम उमेरका लागि आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपी संरक्षकद्वारा अनिवार्य रुपमा प्रमाणित गरी आवेदन साथ पेश गर्नुपर्नेछ। साथै दरखास्त फाराममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी समेत संरक्षक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ।
घ) विवाह भै आएका महिलाका हकमा विवाह-दर्ता प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनुपर्नेछ। अन्य जिल्लाबाट आयोजना प्रभावित क्षेत्रमा विवाह भै आएका महिलाहरुको हकमा नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको मिति २०७९/०२/१८ भन्दा अगावै विवाह भएको मिति खुलेको विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनुपर्नेछ।
ङ) अन्य जिल्लाबाट आयोजना प्रभावित क्षेत्रमा बसाईसराई गरी आएका हकमा नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको मिति २०७९/०२/१८ भन्दा अगावै बसाई सराई गरी आएको मिति खुलेको बसाई सराईको प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनुपर्नेछ।
च) माथि उल्लेखित हुन छुटेका प्रभावित क्षेत्रमा स्थायी बसोबास गर्ने बासिन्दाहरु वा वितरण प्रक्रियामा विवाद आएमा सम्बन्धित नगरपालिका/गाउँपालिकाको सर्वदलीय संयन्त्रको निर्णय वा जिल्ला समन्वय समितिको सर्वदलिय संयन्त्रको निर्णय सहितको सिफारिस पत्र संलग्न गर्नु पर्नेछ।
छ) १६ वर्ष उमेर पुगी नागरिकता लिएको तर विवाह गरी प्रभावित क्षेत्र छोडी अन्य स्थान गएका महिला एवं जिल्ला छोडी बसाई सराई गरी गएका व्यक्ति र परिवारहरुमा उल्लेखित सुरक्षित शेयर लिने अधिकार रहने छैन।
ज) आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भै नावालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानून बमोजिम संरक्षकत्वको प्रमाण पेश गर्नुपर्नेछ।
झ) धितोपत्र खरिद गर्नका लागि दरखास्त दिन चाहनेले तोकिएको संकलन केन्द्रमा शेयर खरिदको लागि दरखास्त बुझाउनु पर्नेछ।
ञ) आवेदन फारम बुझाउँदा दरखास्त फाराममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सबै स्पष्टरुपमा भरेको दरखास्त फारम बुझाउनु पर्नेछ।
ट) एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन गरेको हुनु पर्नेछ। यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनहरुलाई रद्द गरिनेछ।
ठ) साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फाराममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरिदका लागि दरखास्त बुझाउनु पर्नेछ। यसरी दरखास्त फाराममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरूमा दरखास्त फारम बुझाएको दरखास्त फारमलाई रद्द गरिनेछ।
ड) सम्पूर्ण दरखास्तवालाहरु (नावालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तिय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फाराममा खुलाउनु पर्नेछ। दरखास्तवालाले दरखास्त फाराममा आफ्नो खाता नम्बर उल्लेख गर्दा Clearing House को सदस्य भएको बैंक वा वित्तिय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ।
ढ) रु. ५०,०००/- भन्दा बढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्ट पेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ।
ण) रु. ५००,०००/- सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु. ५००,०००/- भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा प्यान नम्बर (PAN No.) दरखास्त फाराममा खुलाउनु पर्नेछ।
त) दरखास्तवालाले एकाघर परिवार बाहेक एक भन्दा बढी दरखास्त फारम समावेश गरी आवेदन दिएको अवस्थामा प्रत्येक दरखास्तवालाले आफ्ने खाताको एकाउण्ट पेयी चेक बुझाउनुपर्नेछ।
थ) हितग्राही खाता खोलि सकेको आवेदकको हकमा हितग्राही खाता नं. उल्लेख गर्नुपर्नेछ।
द) यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० (दश) कित्ता तथा सो भन्दा बढीका लागि १० अंकले भाग जाने संख्यामा अधिकतम ३०,००० (तीस हजार) कित्तासम्मका लागि आवेदन दिन सकिनेछ।

१९. नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :

(१) यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय चावहिल, काठमाण्डौ वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ।
(२) यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिंदा दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु. १००/- का दरले हुन आउने एकमुष्ट रकम यस निष्काशनको लागि तोकिएको संकलन केन्द्रहरु मार्फत दरखास्त दिनु पर्नेछ।
(३) यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिंदा दरखास्तवालाले कम्तीमा १० (दश) कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ। यदि कुनै दरखास्तवालाले १० कित्ता भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम ३०,००० कित्ता साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिनु पर्नेछ।

२०. विवरणपत्र पाइने तथा दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थानहरु

क्र.सं	विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना
१.	एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौं र वेवसाइट : www.niblcapital.com
२.	सयपत्री हाइड्रोपावर लिमिटेड, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ०७ र वेवसाइट : www.sayapatrihydropower.com

साथै, नेपाल धितोपत्र बोर्डको वेवसाइट : www.sebon.gov.np बाट Download गरेर पनि प्राप्त गर्न सकिनेछ।

संकलन केन्द्रको नाम र ठेगाना	
१. प्रभु बैंक लिमिटेड, ताराखोला शाखा	२. प्रभु बैंक लिमिटेड, गल्कोट शाखा
३. ग्लोबल आईमई बैंक लिमिटेड, गल्कोट शाखा	४. कामना सेवा विकास बैंक लिमिटेड, गल्कोट शाखा
५. एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौं	

२१. धितोपत्र बिक्री खुल्ला अवधि :

यस विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्र बाम्लुङ्ग जिल्लाको ताराखोला गाउँपालिका र गल्कोट नगरपालिकामा स्थायी रुपमा बसोबास गर्ने स्थानीय वासिन्दाहरुमा निष्काशन गरिने साधारण शेयरको लागि आवेदन दिने अवधि कम्तीमा १५ दिन र बढीमा ३० दिन खुल्ला रहनेछ।

२२. निष्काशन बैंक (Bankers to the Issue):

यस निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ।

क्र.सं.	निष्काशन बैंक नाम र ठेगाना	खाता नं.
१.	नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड, दरबारमार्ग काठमाण्डौं।	००१०१०१०३३१५२४
२	मुक्तिनाथ विकास बैंक लिमिटेड, काठमाण्डौ प्लाजा, कमलादी, काठमाण्डौं।	०१३१०४००१२०५३६०००१४

२३. क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :

यस कम्पनीलाई केयर रेटिङ्ग नेपाल लिमिटेडले “CARE-NP BB (Is) [Double B (Issuer)]" रेटिङ्ग सन् २०२२ फेब्रुअरी १६ (मिति २०७८/११/०४) मा प्रदान गरेको छ। उक्त “CARE-NP BB (Is) [Double B (Issuer)]" ले "Moderate Risk of Default Regarding Timely Servicing of Financial Obligations" जनाउँदछ। केयर रेटिङ्ग नेपाल लिमिटेडले "CARE-NP AAA (Is)" देखि "CARE-NP D (Is)" सम्मको रेटिङ्ग प्रदान गर्दछ। जसमा "CARE-NP AAA (Is)" ले सकारात्मक/बलियो आधार जनाउँछ भने "CARE-NP D (Is)" ले नकारात्मक/कमजोर आधारहरू जनाउँछ।

रेटिङ्ग प्रदान गरेको मिति : सन् २०२२ फेब्रुअरी १६ (मिति २०७८/११/०४)
रेटिङ्ग बहाल रहने अवधि : सन् २०२३ फेब्रुअरी ०४ (मिति २०७९/१०/२१) सम्म

२४. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया

निष्काशित धितोपत्र सम्बन्धि लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ। लगानीकर्ताहरुले देहायको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझावहरु रोशना मानन्धर मार्फत प्रेषित गर्न सक्ने छन : फोन नं.: ०१-४४२५२८० एक्स्टेन्सन ४४४, E-mail: info@niblcapital.com


दरखास्त फारामको नमूना

सयपत्री हाइड्रोपावर लिमिटेड
Sayapatri Hydropower Limited

आयोजना प्रभावित क्षेत्र बाग्लुङ्ग जिल्ला ताराखोला गाउँपालिका र गल्कोट नगरपालिकाका बासिन्दाहरुका लागि मात्र

साधारण शेयर खरीद दरखास्त फाराम

हालसालै खिचिएको पासपोर्ट साईजको फोटो (अनिवार्य)

श्री सञ्चालक समिति,
सयपत्री हाइड्रोपावर लिमिटेड
काठमाण्डौ महानगरपालिका वडा नं. ०७, चावहिल, काठमाण्डौ, नेपाल ।

हितग्राही खाता नं. DP ID / Client ID

Sources of Fund (For Rs. 0.5) million and above as per Directive issue by SEBON

यो रसिद हराई अकलि भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ।

रसिद
दरखास्तवालाले भर्नुपर्ने

Applicant's Name :
Company's Name : Sayapatri Hydropower Limited
No. of Share Applied / Call Money per share Rs. 100/- / Amount Deposited (Rs.)
Amount in words:
For Official use Only: Received by: Name: Signature: Date: 2079/ / Stamp

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा आवेदन दि.दा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी अफ्नो स्व: विवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

NIBL ACE CAPITAL
Managing shares. Managing investments.
wholly owned subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक
एनआईबिएल एस क्यापिटल लिमिटेड
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोन नं. ४००५०८०, फ्याक्स: ४००५०८४
Email: info@niblcapital.com, Website: www.niblcapital.com